सम्बन्ध तोड्ने व्यक्ति स्वर्गमा प्रवेश गर्ने छैन ।

जुबैर बिन मुतइम (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेका सुनें, उहाँले भन्रनुभयो : "सम्बन्ध तोड्ने व्यक्ति स्वर्गमा प्रवेश गर्ने छैन ।"
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले आफ्ना आफन्तहरूलाई उनीहरूको वैध अधिकारबाट वञ्चित गर्छ, उनीहरूलाई दुख दिन्छ वा उनीहरूसँग दुर्व्यवहार गर्छ, त्यो स्वर्गमा प्रवेश गर्न योग्य छैन ।

http://www.sunnah.global/hadeeth/ne/show/5367